नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्याल
दैलेख
(राहदानी शाखा)

इमेल: daodailekh63@gmail.com
वेवसाइट : daodailekh.moha.gov.np

पत्र संख्या:-२०८२/०८३
च.नं.:

मितिः २०८३/०३/०९

# राहदानी प्रणाली परिवर्तन तथा सेवाप्रवाहमा पर्न सक्ने प्रभाव सम्बन्धी सार्वजनिक सूचना !!!

सम्पूर्ण राहदानी सेवाग्राही महानुभावहरूमा जानकारी गराइन्छ कि राहदानी विभागले नयाँ राहदानी प्रणाली कार्यान्वयन गर्ने तयारी गरिरहेको छ। विभागको प्राप्त पत्रानुसार नयाँ प्रणाली **२०८३ असार २६ गतेदेखि** लागू गर्ने लक्ष्य राखिएको बेहोरा यसै सूचनाद्धारा जानकारीका लागि अनुरोध छ। यस प्रणाली परिवर्तनका क्रममा निम्न प्रभावहरू पर्न सक्ने भएकाले सेवाग्राहीहरूले आवश्यक तयारी तथा समय व्यवस्थापन गर्नुहुनः

## सेवाग्राहीमा पर्न सक्ने प्रभाव

- प्रणाली परिवर्तन (Cut-off Date) अघि केही समयका लागि पुरानो आवेदन प्रणाली बन्द हुन सक्छ।
- नयाँ प्रणाली पूर्ण रूपमा सञ्चालनमा आउनुअघि पुराना आवेदनहरूको प्रक्रिया सम्पन्न गरी नयाँ प्रणालीमा स्थानान्तरण गरिनेछ।
- नयाँ प्रणाली लागू भएपछि करिब **३ महिनासम्म** स्थिरीकरण (**Stabilization Period**) रहने भएकाले राहदानी सेवा प्रवाहमा केही ढिला सुस्ति वा सीमितता आउन सक्नेछ।
- यस अवधिमा राहदानी बनाउन वा नवीकरण गर्न चाहने सेवाग्राहीहरूले सम्भव भएसम्म समयमै आवेदन दिनु उपयुक्त हुनेछ।

## सेवाग्राहीलाई अनुरोध

- अत्यावश्यक राहदानी सेवा आवश्यक हुने व्यक्तिहरूले अन्तिम समयसम्म प्रतीक्षा नगरी यथाशीघ्र आवेदन दिनुहोस्।
- आवेदन, बायोमेट्रिक वा राहदानी वितरणमा सामान्यभन्दा केही बढी समय लाग्न सक्ने भएकाले धैर्यपूर्वक सहयोग गरिदिनुहुन अनुरोध छ।
- प्रणाली परिवर्तन अवधिसम्बन्धी थप सूचना तथा सेवा सञ्चालनको अवस्थाबारे यस कार्यालय तथा राहदानी विभागबाट जारी हुने आधिकारिक सूचनाहरू नियमित रूपमा अपडेट रहनुहोला।

**पुनश्च:** *नयाँ प्रणालीमार्फत अझ सुरक्षित, छिटो र गुणस्तरीय राहदानी सेवा प्रदान गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं। प्रणाली परिवर्तनको यस अवधिमा हुन सक्ने असुविधाप्रति क्षमाप्रार्थी छौं र यहाँहरूको सहयोगको अपेक्षा गर्दछौं।*

..........................
(कृष्णप्रसाद उपाध्याय)
(प्रशासकीय अधिकृत)

नेपाल सरकार
परराष्ट्र मन्त्रालय

# राहदानी विभाग

त्रिपुरेश्वर, काठमाडौं

NS/ISO 9001:2015 प्रमाणीकृत नेपालको पहिलो सरकारी निकाय

"गुणस्तरीय, पारदर्शी एवं सेवाग्राहीमैत्री सेवा"

प.सं.- डि.ओ.पी/एड्मीन-१०
च.नं.- २०६३

मिति-२०८३/०२/२०
(ने.सं. ११४६)

श्री जिल्ला प्रशासन कार्यालयहरू (सबै)
श्री ईलाका प्रशासन कार्यालयहरू (सबै)

विषयः नयाँ राहदानी प्रणाली शुरुवात गर्ने सम्बन्धमा।

राहदानी विभागबाट नयाँ राहदानी सेवा आपूर्तिकर्ता छनौट गरी नयाँ प्रणालीमार्फत राहदानी जारी गर्ने तयारी प्रक्रिया भइरहेको व्यहोरा यहाँहरूलाई अवगत नै छ। हालको अनुमान अनुसार विभागबाट अबको ५ हप्ता अर्थात २०८३ असार २६ गतेदेखि नयाँ प्रणाली कार्यान्वयनमा आउने गरी तयारी भइरहेको छ।

हालको योजना अनुसार तय गरिएको Cut-off Date भन्दा कम्तीमा एक हप्ता अगाडि तहाँ कार्यालयबाट मौजुदा आवेदन प्रणाली बन्द गरी नयाँ प्रणालीमा रुपान्तरण गरिनेछ। उक्त अवधिमा नयाँ प्रणालीबाट आवेदन संकलन कार्य हुन सक्ने भए तापनि आवेदन अस्थायी रूपमा स्थानीय प्रणालीमा मात्र भण्डारण हुने र Cut-off Date अगाडि Processing हुने छैन। नयाँ प्रणाली पूर्ण रूपमा सञ्चालनमा आउनु अघि तहाँ कार्यालयबाट दिएका मौजुदा प्रणालीका बाँकी रहेका सबै आवेदनहरूको प्रक्रिया सम्पन्न गरी तथ्याङ्कहरू नयाँ प्रणालीमा स्थानान्तरण गरिनेछ। प्रणाली कार्यान्वयन पश्चात् करिब ३ महिनासम्म स्थिरीकरण (Stabilization) अवधि हुनेछ जुन अवधिमा सेवा प्रवाहमा केही सीमितता आउन सक्नेछ। सो चरणमा केही विलम्ब हुन सक्ने भएकाले सेवाग्राहीहरूलाई पूर्व-जानकारी गराउन समेत अनुरोध गरिन्छ।

अतः उल्लेखित कार्यका लागि देहाय बमोजिम आवश्यक तयारी गर्नुपर्ने भएकाले तहाँको जानकारी तथा आवश्यक कार्यान्वयनका लागि निर्देशानुसार अनुरोध छ। साथै, विभागसँग आवश्यक समन्वय गर्नका लागि तहाँबाट एकजना कर्मचारीलाई Focal Person तोकी Whatsapp No.: ९७०९०८७७५८ (श्री सन्तोष पौडेल, निर्देशक) वा ९८४३१४४४४४ (श्री संजय कुमार मुखिया, कम्प्युटर ईन्जिनियर) मा Focal Person को विवरण पठाइदिनु हुन समेत अनुरोध छ।

१. **Network को व्यवस्थापन सम्बन्धमा**

नयाँ राहदानी प्रणाली संचालनका लागि सुरक्षाको दृष्टिकोणले Firewall install गर्नुपर्ने भएकोले उक्त Fire wall Device बाट राहदानी प्रणालीका सबै कम्प्युटरमा जडान गर्ने गरी छुट्टै Network आवश्यक

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
# राहदानी विभाग
त्रिपुरेश्वर, काठमाडौं
NS/ISO 9001:2015 प्रमाणीकृत नेपालको पहिलो सरकारी निकाय
"गुणस्तरीय, पारदर्शी एवं सेवाग्राहीमैत्री सेवा"

पर्ने हुन्छ। त्यस प्रकारको Network Architecture तहाँ कार्यालयमा हाल उपलब्ध भए/नभएको यकिन गरी आवश्यक तयारी गर्न विभागसँग समन्वय गर्न अनुरोध गरिन्छ।

२. Computer Device सम्बन्धमा

नयाँ प्रणालीमा तहाँ कार्यालयमै Local Server रहने गरी डिजायन गरिएको छ। यसका लागि एउटा Computer लाई सर्भरको रुपमा प्रयोग गरिनेछ। तहाँ कार्यालयले नयाँ Computer उपलब्ध गराउन सक्ने अवस्थामा संलग्न Specification अनुसारको १ थान नयाँ Computer को व्यवस्था गर्नुहुन अनुरोध छ। अन्यथा, कार्यालयमा हाल मौजुदा Computer मध्ये एक थान Computer लाई Local Server सहित आवेदन दर्ता प्रणालीको रुपमा प्रयोग गर्ने विभागको तयारी रहेकोले यसरी प्रयोग हुने Computer को Brand, Model Number तथा Operating System को विवरण यसअघि माग गरिएकोमा विवरण नपठाएका कार्यालयहरूले विभागसँग समन्वय गरी विवरण उपलब्ध गराइदिनु हुन अनुरोध गरिन्छ।

नोटः उल्लेखित विषयमा मिति २०८३ जेठ २२ गते बिहान ११ बजे एक भर्चुअल बैठक आयोजना गरिएकाले यस सम्बन्धमा थप छलफल तथा आवश्यक जानकारी सो बैठकमार्फत प्रदान गरिने बेहोरा अनुरोध छ।

**Meeting Link:**
https://mofanepal.my.webex.com/mofane
Meeting number:
Meeting password:
Host key:

**संलग्न कागजातहरू**

क. Network Diagram
ख. Computer Specification
ग. विभागको Roll Out Plan

(आनन्द चुवाई)
शाखा अधिकृत

**बोधार्थः**
श्री गृह मन्त्रालय,
सिंहदरबार, काठमाण्डौ।

राहदानी विभाग, त्रिपुरेश्वर, काठमाण्डौं, नेपाल, फोनः +९७७-१-४९७०३३०, +९७७-१-४९७०३३१, +९७७-१-४९७०३३२
Website: www.nepalpassport.gov.np